म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष ११, अंक ३२६ | सोमबार २० असार २०७९ | ने. सं. ११४२ दिल्लाथ्व | 4 July, 2022 | www.sajhakuranews.com | पृष्ठ संख्या ४ | मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## सञ्चो हस्पिटल र सहकारीबीच सम्झौता

हेटौंडा, १९ असार/ हेटौंडा उपमहानगरपालिका-४ स्थित सखित्व बचत तथा ऋण सहकारी संस्थाका शेयर सदस्यहरुले अब सञ्चो हस्पिटलमा उपचार गराउँदा छुट पाउने भएका छन् । हेटौंडा-१ मा रहेको सञ्चो हस्पिटल प्रालि र सहकारीबीच आइतबार उपचार सेवामा छुट दिने सम्बन्धमा सम्झौता भएको हो । सञ्चो हस्पिटलका अध्यक्ष विजय पुडासैनी र सखित्व बचत तथा ऋण सहकारी संस्थाकोतर्फबाट अध्यक्ष बालकृष्ण शर्माले सम्झौता पत्रमा हस्ताक्षर गरेका छन् । हस्पिटलले सहकारी संस्थाका कर्मचारी, शेयरधनी तथा सदस्यहरुलाई उपचार खर्चमा आकर्षक छुट प्रदान गर्ने सम्झौतामा उल्लेख गरिएको छ । सहकारीका सेयरधनी सदस्यहरुलाई सहुलियत दरमा हेल्थ प्याकेज सेवा उपलब्ध गराउने अस्पतालका व्यवस्थापक असोक कायस्थले जानकारी दिए ।

हस्पिटलले हाडजोर्नी तथा नशा रोग विशेषज्ञ सेवा, पेट छाती, मुटु मधुमेह, ब्लड प्रेसर, नाक कान घाँटी, छाला रोग, बाल रोग, छाला रोग, फिजियोथेरापी, पिनास, प्यारालाइसिस, प्राकृतिक उपचार सेवा, आधुनिक ल्याव, पायल्स फिष्टुला, फिसरको अपरेशन तथा फार्मेसी सेवा प्रदान गरिरहेको छ । छुट सुविधाका लागि सहकारी संस्थाका सदस्यहरुले संस्थाको परिचय पत्र देखाउनुपर्ने जनाइएको छ ।

# सुरुङमार्गको सम्भाव्यता अध्ययन गर्दै, थन्क्याउँदै प्रदेश सरकार

साझाकुरा संवाददाता

हेटौंडा, १९ असार/ पछिल्लो समय ठूला योजनाहरुको सम्भाव्यता अध्ययनमा प्रदेश सरकारको ठूलो रकम खर्च भएको छ ।

प्रदेश सरकारको गौरबको योजना मानिएको ठूला आयोजनाहरुको निर्माणको लागि प्रदेश सरकारको ढुकुटीबाट करोडौं रुपैयाँ खर्च भएको हो । सरकारले निर्माण गर्नै नसक्ने योजनाहरुको लागि सम्भाव्यता अध्ययनमा सरकारी ढुकुटीबाट करोडौं रुपैयाँ खर्चिरहेको छ ।

एउटा सरकारले सम्भाव्यता अध्ययन गरेर तयार पारेको डीपीआरलाई समेत थन्क्याएर अर्को सरकार पुनःअध्ययन गर्न बजेट खर्च गर्ने कार्य पनि सरकारमा देखिएको छ । यो प्रवृत्ति बागमती प्रदेश सरकारले सुरुङमार्ग निर्माण कार्यमा देखाएको हो । करिब डेढ करोड खर्चिएको भीमफेदी-कुलेखानी सुरुङ मार्ग स्थगित गरेको बागमती प्रदेश सरकारले नयाँ सुरुङ मार्गको सम्भाव्यता अध्ययन गर्न फेरि एक करोड रुपैयाँ खर्चिने भएको छ ।

पुरानो डीपीआर थन्क्याएको प्रदेश सरकारले नयाँ सुरुङ मार्गको सम्भाव्यता अध्ययन गर्नको लागि एक करोड १० लाख रुपैयाँ बजेट विनियोजन गरेको हो । मकवानपुर र काठमाडौं जोड्ने चोभार-हेटौंडा, सिन्धुलीमा खुर्कोट-चियाबारी र धादिङ र चितवनलाई जोड्ने गरी हुग्दिखोला-शक्तिखोर सुरुङ मार्ग निर्माणको सम्भाव्यता अध्ययन गर्न सरकारले थप एक करोड १० लाख रुपैयाँ खर्चिने भएको हो ।


बागमती प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालयका प्रवक्ता नवीन सिंहका अनुसार सरकारले चालु आर्थिक वर्षमा नै यी सुरुङ मार्गको सम्भाव्यता अध्ययन गर्न ६० लाख रुपैयाँ विनियोजन गरेको थियो ।

तर, चालु आवमा विनियोजन गरिएको बजेटबाट सुरुङ मार्गको सम्भाव्यता अध्ययन कार्य नसकिएपछि आगामी आर्थिक वर्षको बजेटमा थप ५० लाख रुपैयाँ बजेट विनियोजन गरिएको बताइएको छ ।

आर्थिक मामिला तथा योजना मन्त्री शालिकराम जम्कट्टेलले असार १ गते संसद्मा प्रस्तुत गरेको आगामी वर्षको बजेटको १५९ नम्बर बुँदामा बजेटको व्यवस्था गरिएको छ । 'संघ तथा स्थानीय तह र निजी क्षेत्रको साझेदारीमा बल्खु-हेटौंडा र खुर्कोट-चियाबारी सुरुङमार्ग लगायत प्रदेशभित्र अन्य सम्भावित सुरुङ मार्ग अध्ययन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु', बजेटमा भनिएको छ । बजेट भाषणमा सबै सुरुङ मार्ग योजनाको नाम उल्लेख नभए पनि करिब पाँच वटा सुरुङ मार्ग योजनाबारे यसअघि मन्त्री जम्मकट्टेलले सार्वजनिकरूपमै घोषणा गरेका थिए ।

अघिल्लो सरकारले सम्भाव्यता अध्ययन सकेर ग्लोबल टेण्डरको प्रक्रियामा रहेको कुलेखानी-भीमफेदी सुरुङ मार्ग रोकेको गठबन्धन सरकारले दुईभन्दा बढी सुरुङ मार्गको अध्ययन गर्न बजेट विनियोजन गरेको हो ।

प्रवक्ता सिंहले प्रदेश सरकारले दुई वटा सुरुङ मार्गको सम्भाव्यता अध्ययन गरिरहेको भए पनि एउटा सुरुङ मार्गको सम्भाव्यता अध्ययनको काम सडक डिभिजनले गरिरहेको जानकारी दिए । 'तीन वटै सुरुङ मार्ग प्रदेश सरकारको नै योजनामा थियो । तर, हुग्दिखोला-शक्तिखोर सुरुङमार्ग निर्माणको




सम्भाव्यता अध्ययन गर्ने काम भने सडक डिभिजनले गरिरहेको छ । बाँकी दुई वटाको अध्ययन चाहिँ प्रदेश सरकारले नै गरिरहेको छ', सिंहले भने ।

सरकारले निर्माण गर्न लागेको सुरुङ मार्ग निर्माण खर्च, यसको लम्बाई तथा बनावटको बारेमा विस्तृतरूपमा सम्भाव्यता अध्ययनपश्चात् मात्रै थाहा हुने उनले बताए ।

एमाले नेतृत्वको अघिल्लो सरकारले गौरबको आयोजनामा राखेको भीमफेदी-कुलेखानी सुरुङ मार्ग निर्माण र विद्युतीय बस खरिद कार्यक्रमलाई वर्तमान गठबन्धन नेतृत्वको सरकारले स्थगित गरेको थियो । तत्कालीन मुख्यमन्त्री डोरमणि पौडेलले भीमफेदी-कुलेखानी सुरुङ मार्ग निर्माण कार्यलाई आर्थिक वर्ष २०७६/७७ बाट प्रदेशको योजना र बजेटमा राख्दै आएका थिए । प्रदेशकै गौरबको आयोजनाको रूपमा राखिएको सुरुङ मार्ग निर्माणका लागि पौडेलले पहिलो वर्ष सुरुङ मार्गको डीपीआर बनाउन एक करोड ३० लाख रुपैयाँ खर्चिएका थिए ।

सुरुङ मार्ग बनाउनका लागि पूर्व मुख्यमन्त्री पौडेलले पहिलो वर्षमा नै डीपीआर बनाउन एक करोड ३० लाख रुपैयाँ खर्चिएको भए पनि दोस्रो वर्षको बजेट भने फ्रिज भयो । अघिल्लो आर्थिक वर्ष ०७७/७८ मा प्रदेश सरकारले यो आयोजनाका लागि विनियोजन गरेको एक अर्ब रुपैयाँ खर्च हुन नसकेपछि फ्रिज भएको थियो ।

प्रदेश सरकारले स्थापना गरेको उक्त सुरुङ आयोजनाका कर्मचारीको तलब भत्तामा मात्रै ८ लाख ५५ हजार रुपैयाँ खर्च भएको भौतिक पूर्वाधार विकास मन्त्रालयका प्रवक्ता सिंहले जानकारी दिए । ११ कात्तिकमा बागमती प्रदेशका मुख्यमन्त्री नियुक्त हुनासाथ राजेन्द्रप्रसाद पाण्डेले कुलेखानी-भीमफेदी सुरुङमार्गको काम रोकेका थिए । हेटौंडा र कुलेखानीबाट थोरै नजिक फास्ट ट्र्याक जोडिने र हेटौंडा-काठमाडौं जोड्ने छोटो मार्गलाई स्तरोन्नति गरिने भएपछि कुलेखानी-भीमफेदी सुरुङ मार्ग औचित्यहीन भएको टिप्पणी मुख्यमन्त्री पाण्डेले गरेका थिए । पाण्डेमात्र नभई प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री जम्मकट्टेलले पनि कुलेखानी-भीमफेदी सुरुङ मार्ग आवश्यक नरहेको बताएका थिए । प्रदेशसभाको दोस्रो ठूलो दल नेकपा माओवादी केन्द्रले भीमफेदी-कुलेखानीमा नाम जोडिएको भन्दै पोष्टबहादुर बोगटीको नाम हटाउनसमेत तत्कालीन सरकारलाई ज्ञापनपत्र बुझाएका थिए ।

वर्तमान गठबन्धन सरकारले प्रदेशको स्रोतले मात्रै सुरुङ मार्ग निर्माण गर्न नसक्ने भन्दै कुलेखानी-भीमफेदी सुरुङ मार्ग योजना रोकेको थियो । प्रदेश सरकारले रसायनिक मल कारखाना र कृषि औजार उत्पादन कारखाना स्थापनाको लागि पनि सम्भाव्यता अध्ययन गरिरहेको छ ।

# 'बलात्कारको घटनामा हदम्याद हटाउनुपर्छ'

साझाकुरा संवाददाता

हेटौंडा, १९ असार/ बागमती प्रदेशको राजधानी हेटौंडामा यौन हिंसाबिरुद्धको केहि ऐनलाई संशोधन गर्ने विधेयकमाथि प्रदेश स्तरीय छलफल तथा अन्तरक्रिया भएको छ ।

आइतबार बलात्कार विरुद्धको चौथो अभियानको आयोजनामा भएको यौन हिंसा विरुद्धको केहि ऐनलाई संशोधन गर्ने विधेयक माथि प्रदेशस्तरीय छलफल तथा अन्तरक्रिया भएको हो । छलफलमा सहभागीहरुले बलात्कार जस्तो जघन्य अपराधमा हदम्यादको व्यवस्था राखिनु नहुने बताएका छन् ।

हदम्यादले गर्दा पीडितहरुको लागि अदालतको ढोका बन्द हुने गरेको भन्दै उक्त व्यवस्था हट्नुपर्नेमा उनीहरुको जोड थियो । कार्यक्रममा बागमती प्रदेशसभाको सभामुख सानुकुमार श्रेष्ठले नेपालमा ऐन कानुनको समस्या नभई कार्यान्वयनमा समस्या भएको बताए ।

उनले नेपालमा ऐन नियममा समस्या नभएर नीति निर्माण र कार्यान्वयनमा ठूलो समस्या रहेको बताए । श्रेष्ठले राजनीतिक स्थिरता नभएसम्म देशमा मानवीय विकास पनि हुन नसक्ने बताए । उनले देशको संरक्षण गर्नेले अपराधीहरुलाई संरक्षण गर्न नहुने पनि बताए । कार्यक्रममा बोल्दै प्रतिनिधिसभा सांसद् बिन्दा पाण्डेले राजनीतिकरूपमा आरोपितलाई बचाउन गल्ति ढाकछोप गर्ने परिपाटीको अन्त्य हुनुपर्ने बताइन् ।

उनले बालिका तथा महिलाको मुद्दा 'होस्टाइल' हुनुको कारण के हो त्यस अनुसारको परिपुरणको व्यवस्था हुनुपर्ने धारणा राखिन् । कार्यक्रमको सभाध्यक्ष पूर्वजलस्रोत राज्यमन्त्री तथा नेपाली कांग्रेसका सहमहामन्त्री महालक्ष्मी उपाध्याय डीनाले दलीय हिसाबमा झण्डाको आधारमा नबाडिएर सामाजिक मुद्दामा एक हुनुपर्ने बताइन् ।

हदम्यादको कारण सामाजिक विकृत हुन्छ भन्नेहरू चुनौतीको रुपमा रहेको उनको भनाइ थियो । उपाध्यायले जबर्जस्ती तथा बलात्कारको सवालमा हदम्यादको व्यवस्था राख्न नहुने बताइन् । पीडितले हिम्मत गरेको बेलामा अदालत जाने बाटो खुल्ला हुनुपर्ने उनको भनाइ छ ।

जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलानले लिभिङ टुगेदरमा हुने हिंसा र जबर्जस्तीकरणी एउटै नभएको बताए । बलात्कारकाबाट जन्मेका बालबालिकालाई जीवनभर हिनताबोध नहुने कानुन निर्माण गर्नुपर्नेमा उनको जोड थियो ।

हार्दिक बधाई तथा शुभकामना



नारायणी यातायात व्यवसायी संघका अध्यक्ष **श्री हिरालाल श्रेष्ठ ज्यु** नेपाल ट्रक यातायात व्यवसायी महासंघको सातौं महाधिवेशनबाट गरिमामय अध्यक्ष पदमा निर्वाचित हुनु भएकोमा हार्दिक बधाई तथा कार्यकाल पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछौं ।

भिमप्रसाद गौतम (अध्यक्ष) एवम्
**नेपाल अटो तथा इ-रिक्सा व्यवसायी संघ, परिवार**
हेटौंडा-४, हुप्राचौर
नवराज घिमिरे (केन्द्रीय सदस्य) एवम्
**नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघ, परिवार**

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

सेवाहरूः
- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

हेटौंडालाई Green City बनाउने उद्देश्यसहित
सुन्दर नगरी हेटौंडामा बिक्री
शुभारम्भ







Offer
रू.१०,०००।-
नगद छुट

YADEA e-SCOOTER का विशेषताहरुः
- Full Charge गर्न ४-५ घण्टा लाग्ने ।
- Full Charge ले १०० किमी कुद्ने ।
- २००० वाट क्षमता भएकोले एकपटक Full Charge गर्दा १.५ युनिट विद्युत् खपत ।
- ट्यूबलेस टायर
- ब्याट्रिमा एक वर्ष वारेन्टी

**बर्षा ई-अटोमोबाइल्स**
हेटौंडा-२, चौकीटोल (भाटभटेनी नजिकै)
प्रो. सबी भण्डारी ९८५५०६७४६०

साझाकुरा

## हाम्रो कुरा

# चुरे संरक्षण आवश्यक

चुरे क्षेत्रको विनाशको कारण तराईका उब्जाउ भूमि मरुभूमि बन्ने खतरा बढ्दै गएपछि यसको संरक्षणमा चासो बढिरहेको छ । सरकारले केही वर्षअघिदेखि राष्ट्रपति चुरे संरक्षण कार्यक्रम सञ्चालनमा ल्याई चुरे क्षेत्रको संरक्षण सुरु गरेसँगै यसप्रति चासो पनि बढेको देखिन्छ । त्यतिले मात्र नभएपछि सरकारले वातावरण संरक्षण ऐन २०५३ अनुसार चुरेलाई संरक्षित क्षेत्र घोषणा गरेको छ । २०७१ साल असार २ गतेको मन्त्रिपरिषद्को निर्णयअनुसार राष्ट्रपति तराई मधेस संरक्षण विकास समिति गठन गरी प्रत्येक वर्ष असार २ गते चुरे संरक्षण दिवसको रुपमा मनाउन थालिएको छ । यस वर्ष पनि दिवस मनाइएको छ । चुरे संरक्षणका लागि सरकारी तथा गैरसरकारी निकाय लागे पनि संरक्षणका चुनौतीहरु दिनानुदिन बढ्दै गएको छ ।

नेपालको भू-बनोटमा चुरे क्षेत्रको आफ्नै महत्व छ । पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म फैलिएको चुरेले मुलुकका झण्डै आधा जिल्ला छोएको छ । तराई र पहाडलाई जोड्नेमात्र होइन, चुरे श्रृंखला प्राकृतिक, जैविक तथा भौगोलिक दृष्टिले अति मूल्यवान मानिन्छ । तराईको रक्षकको रुपमा रहेको चुरे क्षेत्रबाट उत्पति भएका खोलानालाले तराईमा पानीको स्रोत बृद्धिमा पनि सहयोग पुर्‍याएको छ । चुरे संरक्षणका लागि सरकारले राष्ट्रपति चुरे संरक्षण कार्यक्रम सञ्चालन गर्दा पनि प्रभावकारी नभएपछि चुरे मधेश विशेष संरक्षण क्षेत्र घोषणा गरी चुरे संरक्षणका लागि थप प्रयास थालेको हो । चुरे मधेश संरक्षण विशेष समिति गठन गरी सरकारले चुरे क्षेत्रका वन, वन्यजन्तु, जलाधार, माटो, ढुङ्गालगायतका प्राकृतिक साधन संरक्षण प्रयास थालेको हो । मुलुकको ३३ जिल्लाको ठूलो क्षेत्रलाई समेटर ल्याइएको विशेष संरक्षण कार्यक्रम प्रभावकारी बन्न सकेको छैन । मुलुकको प्राकृतिक सन्तुलन र तराईको उर्बर भूमि तथा बस्ती संरक्षणमा चुरे क्षेत्रको विशेष महत्व छ । चुरे श्रृंखला तराईको लागि सुरक्षा पेटी हो । तराईको जलभण्डार, वन, वनस्पति, जडीबुटी तथा काठजन्य स्रोतका लागि देशकै मूल्यवान सम्पदा रहेको चुरे क्षेत्रको राम्रो व्यवस्थापन गर्नसके जीविकोपार्जनदेखि उत्पादनशील भूमिको संरक्षण हुनसक्ने थियो । चुरे क्षेत्रको सम्पदाको चोरी निकासी तथा जथाभावी फँडानी, अनियन्त्रित बसोबास, क्रसर उद्योगको स्थापना र जमिन उत्खनन् जस्ता कारणले विनाश तीव्ररुपले हुन थालेपछि राज्यले संरक्षणका निम्ति विशेष पहल सुरु गरेको हो ।

समयमै चुरे क्षेत्रका वन तथा जमिन संरक्षण गर्न नसकेमा तराई तथा भित्री मधेशमा त्यसले व्यापक असर पार्ने पक्का छ । चुरे संरक्षणको नाममा वर्षौंदेखि यस क्षेत्रमा बसोबास गरिरहेका मानिसको जनजीवनमा असर पार्नु हुँदैन । चुरे क्षेत्रको संरक्षणका लागि सरकारले २० वर्षे गुरुयोजना पारित गरिसकेको अवस्थामा प्रभावकारी कार्यान्वयन गरेर चुरे संरक्षणका चुनौतीलाई हल गर्नु आवश्यक छ । सरकारले चुरे संरक्षणका लागि ल्याएको विशेष संरक्षण क्षेत्र कार्यक्रम कार्यान्वयनमा स्थानीय समुदायको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्दै उनीहरुसँगै हातेमालो गरी संरक्षणका प्रयास अघि बढाउनु उचित हुनेछ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक


## भोलिको पात्रो

भोलि वि.सं. २०७९ असार २१ गते मंगलबार ५ जुलाई २०२२ । असार शुक्लपक्ष षष्ठी । दिल्लाब्द ११४२ । सूर्योदय: ५:१४, सूर्यास्त: ७:०२ मा हुनेछ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : अधुरा काम पूरा हुने | **तुला** | : अनावश्यक खर्च बढ्ने |
| **वृष** | : घरेलु समस्याले सताउने | **वृश्चिक** | : भोजको अवसर मिल्ने |
| **मिथुन** | : कुरा काट्नेहरु सक्रिय हुने | **धनु** | : स्वास्थ्य बिग्रन सक्ने |
| **कर्कट** | : नयाँ काम हात पर्ने | **मकर** | : रमाइलोगरि समय बित्ने |
| **सिंह** | : कार्यान्तरण हुन सक्ने | **कुम्भ** | : राजनीतिमा प्रगति हुने |
| **कन्या** | : शुभ समाचार सुन्न पाइने | **मीन** | : शारीरिक परिश्रम गर्नुपर्ने |

# कोही किन किसान बनोस् !



अर्जुन अपवाद

> किसानको छोरो चैं पक्कै हुँ । १५-१६ सय मिटर उचाइमा पर्ने बारी लगभग सब्बै बाँझो छ । खेत आधामा मात्रै मुस्किलले आवादी गरिएको छ ।

असार ! किसानको व्यस्त महिना । मानो खाएर मुरी उब्जाउने समय । आर्थिक वर्षको अन्तिम महिना । किसानजत्तिकै कर्मचारी र नेताको पनि दौडधुप हुने महिना । यसकै बीचमा पर्छ, धान दिवस । असार १५ मा । धान नेपालको प्रमुख खाद्यान्न । अन्य अन्नभन्दा राज्य पनि धानमै जोड दिन्छ । जनता पनि धानतिर लोभिन्छन् । कोदो कति रोपियो हिसाब हुन्न । त्यसबारे अध्ययन-अनुसन्धान निकै कम छ । मकै, गहुँ, फापर, जौजस्ता बालीहरूको अवस्था पनि कोदोको जस्तै हो । धान कति रोपियो ? राज्यसँग तथ्यांक छ । रोपिएको मात्रै हैन फलेको तथ्यांक पनि छ । फलेको जस्तै किनेर ल्याएको पनि । तथ्यांक भन्छ, एक वर्षमा झण्डै ४० करोडको चामल विदेशबाट खरिद गरियो । यो क्रम वर्षेनि बढ्दो छ । गमलामा धान रोप्ने र खेतलाई घडेरी बनाउने चलन जस्तै !

यो लेख लेख्नुअघि म कृषिबारेका केही समाचारहरू पढ्दै थिएँ । तीनवटा समाचार बाँदरका बारेमा थिए । बाँदर आतंक किसानको अहिलेको प्रमुख समस्यामध्येको हो । अहिले मल नपाउनुजत्तिकै महत्वपूर्ण । रासायनिक मलबारे सबैतिर चर्चा छ । सञ्चारमाध्यमका प्रमुख समाचारमा मलबारे धेरै कुरा छन् । यसबारे विपक्षी दलका नेताले पनि बोल्न भ्याए । बाँदरका बारेमा भने धेरैलाई थाहै नहोला !

पहिलो समाचार बाँदर पाल्नेबारेको छ । दोलखाको कालिन्चोक गाउँपालिकाले यस वर्ष किसानलाई बाँदर पाल्न बजेट छुट्याएको छ । बाँदर मार्न नमिले पनि पाल्न मिल्छ भन्ने जनप्रतिनिधिहरूको भनाइ छ । यसरी घरघर मा बाँदर पालेपछि बाँदरको प्रजननदर घट्छ र बाँदर आतंकमा राहत पाइने भनिएको छ ।

दोलखाकै अर्को गाउँपालिका शैलुङमा बाँदर लखेट्न जाँदा एक किसानको लडेर मृत्यु भएको छ । बाँदरले किसानको ज्यानै लियो ! पूर्वपालिका अध्यक्षले फेसबुकमा लेखे, 'मानिसभन्दा बढी महत्व बाँदरलाई दिनु हुँदैन । बाँदर नियन्त्रणका लागि नयाँ कानुन आवश्यक । भावपूर्ण श्रद्धाञ्जलि रामबहादुर कार्की दाइ ।'

बाँदरबारे प्रदेश सभामा पनि कुरा उठेको रैछ । प्रदेश १ मा यो विषयमा कुरा उठेको रहेछ । यसमा बाँदरले दिएको हैरानीबारे अलिक विस्तारमा कुरा गरिएको छ । प्रदेशसभा सदस्य रामचन्द्र लिम्बूले पहाडमा बाँदरहरू गुरिल्ला जस्तो भएको बताए । उनले बाँदर नियन्त्रण गर्न नसक्दा मानिसहरू नै विस्थापित भइरहेको बताए । 'पहाडमा ठूलो समस्या सिर्जना भएको छ । त्यो भनेको बाँदरको आतंक हो । मकै लगाए मकै खान्छ, कोदो लगाए कोदो खान्छ, जुनेलो लगाए जुनेलो खान्छ, मास लगाए मास खान्छ, बोडी लगाए बोडी खान्छ, सुन्तला लगाए सुन्लता खान्छ । केही बाँकी राख्दैनन्', सांसद लिम्बूले भने, 'अहिले पहाडका बाँदर गुरिल्ला जस्तो हुन थाले, पुरुष देख्दा भागेजस्तो गर्छ, महिला खेद्न जाँदा त उल्टो आक्रमण गर्छ ।' बाँदरमात्रै हैन, अन्य जंगली जनावरले पनि किसानलाई हैरानी दिएका छन् । दुम्सी, मृग, बँदेलहरू पनि सास्ती दिने जनावरमा पर्छन् । बाँदरले दिने हैरानी खेतबारीमा मात्र सीमित छैन । किसानले आफ्नो बालीनालीको बोट समातेर बसेर भित्र्याएको बाली बाँदरले घरमै पसेर नोक्सान गर्छ । मान्छेविरुद्ध मुद्दा लाग्छ बाँदरसँग लाग्दैन । अझ सरकार भन्छ बाँदर मारे कारबाही हुन्छ !

वन्यजन्तुको विषय एकातिर छ । किसानले अन्न उब्जाउनु एक युद्ध जित्नुजस्तै छ । किसानले समयमा न बीउ पाउँछ । न मलखाद पाउँछ । पाएको बीउ असल छ कि कमसल ? ढुक्क हुने अवस्था छैन । सरकारले किसान पहिचान गरेर सहुलियत दिन्छु भनेको धेरै भयो । उसको किसान को हुने हो ? अझै टुंगो लागेको छैन । बैंक तथा वित्तीय संस्थालाई किसानलाई दिनैपर्ने ऋणको अहिलेसम्म कोकोले लिए ? गम्भीर समीक्षा गर्नुपर्ने बेला भएको छ । यसरी पाएको ऋणले कृषि उत्पादन कति बढायो ? कागज मात्रै मिलाएर किसान हुने र सहुलियत लिने अवस्था रोक्न प्रभावकारी संयन्त्र चाहियो । कानुन चाहियो । खेतीमा लागत नउठ्ने अवस्था छ । खेत बाँझो राख्न हुन्न भन्ने मान्यताका कारण मात्रै अहिलेसम्म जेनतेन खेती गरिएको हो । यो पनि नहुने हो भने खेतबारी सबै बाँझै रहने थिए ।

उत्तम खेती, मध्यम व्यापार र अधम नोकरी भन्ने आहान उल्टिएको छ । अब खेतीको काम गर्ने मानिस अधम हुने अवस्था भएको छ । शिर निहुरिने अवस्थामा रहेको किसानले के खेती गर्ला ? कसरी गर्ला ? आफ्नो खेतबारीमा उब्जाएर खानुभन्दा बजारमा किनेर खानु सजिलो भएपछि मान्छे सजिलोतिर लाग्छ नै । सरकार कहिले वर्णशंकर जातको बीउ लगाउ र उत्पादन बढाउ भन्छ । यसका कारण रैथाने बीउ लगभग लोप भए वा हुने अवस्थामा छन् । आजकाल रैथाने बीउ पाइन छाडेपछि रैथाने पो राम्रो भन्छ । किसानले पशुमल प्रयोग गरिरहँदा अभियान नै चलाएर रासायनिक मल गज्जब भन्छ । किसानले पशुपालन गर्न छाडेपछि रासायनिक मलको व्यवस्था गर्न सक्दैन । अनि कसरी अन्न उत्पादन हुन्छ ?

भर्खरै अमेरिकाको टाइम्स पत्रिकाले खाद्यान्न अभावमा ठूलो मानवीय संकट आउन सक्ने सामग्री प्रकाशन गरेको छ । युक्रेन र रुसको युद्धका कारण विश्वमा धेरै ठूलो खाद्य संकट आउने उसको अनुमान छ । हामीकहाँ यसबारे त्यस्तो छलफल भएको देखिन्न । राजनीति मात्रै बिक्ने देशमा यो अनुमान नबिकेको पनि होला । घाटाको व्यापार गर्ने को ?

म आफैं किसान दाबी गर्न सक्दिनँ । किसानको छोरो चैं पक्कै हुँ । १५-१६ सय मिटर उचाइमा पर्ने बारी लगभग सब्बै बाँझो छ । खेत आधामा मात्रै मुस्किलले आवादी गरिएको छ । रहरले १ सय बोट कागती किनेर हुर्काउँदै छु । मेरो स्थानीय सरकारले वर्षेनि हजारौं फलफूलका बिरुवा अनुदानमा बाँड्छ । स्थानीय सरकारजस्तै विभिन्न संघसंस्थाले पनि बिरुवा बाँड्छन् । ती कहाँ हुर्किएका छन् कि छैनन् उसलाई पत्तै नहोला । पाँच वर्ष पुग्न लागेका कागतीमा फूल खेल्न सुरू भएको छ । मैले किनेर हुर्काइरहेका कागतीबारे गाउँपालिका पक्कै जानकार छैन । ऊ आफैंले बाँडेका बिरुवाबारे त जानकारी राख्दैन । मेरा बारेमा किन राख्नु ?

लामो समयपछि धान रोप्न गाउँ गएँ । यसपाल बा खेत अधियाँ दिने सोचमा हुनुहुन्थ्यो । यसका लागि उहाँले यथासम्भव प्रयास गर्नुभो । तर कोही मानिस खेती गर्न तयार भएन । अधियाँको कुरा छाडौं खेती मात्रै गरिदेउ म आफैं पैसा दिन्छु भन्दा पनि गाउँमा मान्छे छैन । भएको मान्छे पूरै बाँदर रूँघेर बस्नुपर्छ । अनि किन खेती गर्ने ? धान रोप्दै गर्दा सुनियो । समय फेरियो पहिला मानिस पैसा कमायो भने गाउँमा जग्गा जोड्थ्यो । अहिले त सहरतिर मात्रै आँखा लगाउँछ । पहिला जागिर भनेपछि मान्छे मरिहत्ते गर्थ्यो । अहिले अस्ट्रेलिया जान पाए त स्थायी जागिर छाड्न तयार । के खालको समय ? पाखुरीमा बल भएकाहरू श्रम बेच्न खाडीतिर । अलिअलि पढेर प्रमाणपत्र लिएकाहरू जापान, अस्ट्रेलियातिर । उमेर घर्किसकेका वृद्ध र बालबालिकाको जिम्मामा कृषिकर्म !

धान रोप्न छाडेको खेतमा उम्रिएको उत्तीस बेचेर बाले राम्रै पैसा कमाउनु भो । अन्न फलाउन भन्दा रूख हुर्काउँदा पैसा कमाइने भएपछि दु:ख किन गर्नु ! व्यक्तिगत प्रसंगबाट फेरि समाचारको प्रसंग । अर्को समाचारमा हाम्रो खाद्यान्न उत्पादनको इतिहास र हालको अवस्थाबारे जानकारी थियो । त्यो पनि यहाँ उल्लेख गरिएको छ । सन् १९६१ मा छिमेकी राष्ट्र भारतले ७ लाख ३६ हजार मेट्रिक टन र बंगलादेशले ४ लाख ९१ हजार मेट्रिक टन धान चामल आयात गरेको बेला नेपालले २ लाख ८९ हजार मेट्रिक टन चामल निर्यात गरेको थियो । २०७३-७४ मा ४ अर्ब २८ करोड रूपैयाँ बराबरको धान आयात भएको भन्सार विभागको तथ्यांकले देखाउँछ जुन २०७७-७८ सम्म आइपुग्दा बढेर १९ अर्ब ५५ करोड रूपैयाँ पुगेको छ । यस्तै चालु आर्थिक वर्षको ११ महिनामा १५ अर्ब ९२ करोड रूपैयाँ बराबरको धान आयात गरेको भन्सार विभागको तथ्यांकले देखाउँछ ।

२०७३-०७४ मा १९ अर्ब ५९ करोड रूपैयाँ बराबरको चामल आयात भएको देखिन्छ । २०७४-०७५ चामल आयात बढेर २३ अर्ब ५५ करोड रूपैयाँ पुगेको छ । आव २०७५-०७६ मा २५ अर्ब ७४ करोड रूपैयाँ बराबरको चामल आयात भएको थियो । २०७६-७७ मा २३ अर्ब १७ करोड रूपैयाँ बराबरको चामल आयात भएको छ । २०७७-०७८ मा पुन: आयातको ग्राफ उकालो लागेको तथ्यांकले देखाउँछ । सो आवमा २८ अर्ब ६० करोड रूपैयाँ बराबरको चामल आयात भएको तथ्यांकले देखाउँछ ।


ढिला हुनै लागेको छ, भइसकेको छैन । किसान कृषि कर्ममा छुट्टिन किन खोजिरहेको छ ? उसलाई सहुलियत कसरी दिन सकिन्छ ? कृषिमा बढिरहेको लागत कसरी घटाउन सकिन्छ ? वन्यजन्तुको संख्या नियन्त्रण कसरी गर्ने हो ? किसानलाई आवश्यक मलखाद तथा अन्य कृषि सामग्री कसरी सहज तथा सुलभ रूपमा उपलब्ध गराउने ? यस्तै यस्तै सवालबारे गम्भीर विमर्श जरुरी छ । यिनै विमर्शले हामीलाई समाधानको दिशातर्फ अगाडि बढाउँछ ।

आँगनको सरकार स्थानीय सरकार । को किसानसँग कस्तो खालको जमिन छ ? त्यसमा के फल्छ ? स्थानीय सरकारलाई जिम्मा दिऔं । कृषि प्राविधिकहरू किसानसँग नियमित सम्पर्कमा रहने वातावरण सिर्जना गरौं । किसान र उसको परिवारलाई गुणस्तरीय शिक्षा तथा स्वास्थ्यको प्रत्याभूति दिलाऔं । भौतिक पूर्वाधार मात्रै विकास हैन । खानै पाइएन भने सडक र भवनहरू हेरेर भोक मर्दैन । फलफूलका बिरुवाहरू हुर्काएबापत किसानलाई प्रोत्साहन गरौं । कृषि सुधार्न सहरका तारे होटलमा गरिएको सैद्धान्तिक बहसभन्दा खेतबारीमा गरिएका साना र मसिना कामले ठूलो भूमिका खेल्छन् ।

***अन्तमा,***

खाद्यान्न मानिसको जीवनका लागि अनिवार्य तत्व हो । अन्नमा हाम्रो जीवन छ । सबै कुरालाई बेवास्ता गर्दा पनि अन्न बेवास्ता गर्न सकिन्न । गर्नुहुन्न । अन्नलाई सबैले प्राथमिकतामा राख्ने हो भने अन्न आयातको अवस्था फेरिन्छ । हामीलाई चाहिएको वास्तविक विकास भनेकै यही त हो नि ! *-साभार: इकागज*

# दासत्वको राजनीतिमा स्वाभिमान र स्वायत्तताको जग हुँदैन



युवराज घिमिरे

नेपाल प्रतिस्पर्धी अन्तर्राष्ट्रिय शक्तिहरूको खेल मैदान बन्ने प्रक्रियामा अगाडि बढिरहँदा त्यसमा हालका लागि सानो 'ब्रेक' लागेको छ । नेपाली सेनाको अग्र सक्रियतामा नेपाली कांग्रेस नेतृत्वको सरकार अमेरिकासँग गर्न लागेको 'स्टेट पार्टनरसिप प्रोग्राम' बाट तत्कालका लागि पछि हटेको छ ।

मिलेनियम च्यालेन्ज कर्पोरेसन नेपाल कम्प्याक्टलाई अनुमोदन गर्न अमेरिकाले चेतावनीस्वरूप निर्धारित गरेको म्यादभित्र सरकार तयार भएयता उसले पटक-पटक अमेरिकी कित्तामा उभिनुलाई आफ्नो परराष्ट्र नीतिको सफलता मान्दै आएको छ । रुस-युक्रेन तनाव र युद्धमा अमेरिकी पक्ष पोषण र रुसको निन्दा अमेरिकी उपविदेशमन्त्रीको तिब्बती शरणार्थी शिविरमा बेरोकटोक यात्रा तथा एसपिपी हस्ताक्षरको तयारीजस्ता कूटनीतिक विचलनबाट नेपाल छिमेकप्रति संवेदनहीन र टाढाको अमेरिकालाई आवश्यकताभन्दा बढी रिझाउन उद्दत देखिन्छ ।

विडम्बना, यी सबै अनपेक्षित विचलन र समर्पणमा १२-बुँदेका पात्र या त्यसमा संलग्न दलहरू नै सामेल रहे । त्यसका दुई प्रमुख खम्बा नेपाल कम्युनिष्ट पार्टी माओवादी तथा नेपाली कांग्रेस, नेपाल विरुद्धको षड्यन्त्रमा भारतीय पक्षधर ताका मुख्य खलनायक बाबुराम भट्टराई र त्यो सहमति हामीले नै गरेका हौं भन्दै आएका माधवकुमार नेपाल यी विचलनमा संलग्न रहे, सक्रिय संलग्नता या मौनताबाट । उनीहरूको सरकार नेपाल विरुद्धको षड्यन्त्रमा लाग्नु या लागिरहनुलाई आश्चर्यको कुरा मानिनु हुँदैन, किनकी एकपटक बाहिर चंगुलमा फसिसकेपछि त्यहाँबाट बाहिर निस्किन सहज हुँदैन । अर्को, ०६३ यताको राजनीतिमा बाहिरी मालिक रिझाउनु उनीहरूको बाध्यता बनेको छ । केपी ओली र उनको नेकपा एमाले प्रतिपक्षमा रहेकाले केही बचेर आफूलाई प्रस्तुत गर्ने चलाखी अपनाए पनि एमसिसीमा उनको विरोधशून्य भूमिका (संसदमा) रहे पनि एमसीसीका आधार तय हुँदा उनका अनन्य विश्वासपात्र र अमेरिकामा नेपालको कूटनीतिक प्रतिनिधि अर्जुन कार्कीको भूमिका ओलीको चाहनाभन्दा फरक थियो भन्ने कुनै आधार थिएन । परराष्ट्रमन्त्रीका रुपमा प्रदीप ज्ञवालीले इन्डो प्यासिफिक क्षेत्रमा नेपालको केन्द्रीय भूमिका वासिंगटन डिसीबाट बक्सिस लिएर आएको आधिकारिक रेकर्डमा अंकित छ ।

त्यस्तै, एसपीपीबारे नेपाली सेनाको प्रधानसेनापतिको हैसियतमा राजेन्द्र क्षेत्रीले २०१५ अक्टोबर २७ मा अमेरिकी राजदूत अलैना वी टेप्लिजलाई लेखेको पत्र त्यसबेलाका प्रधानमन्त्री ओलीको जानकारीबिना पठाइएको थियो भनी मुलुकको राजनीतिक संस्कृतिबारे अलिकति पनि जानकारी भएको कुनै व्यक्तिले मान्नै सक्दैन । ओलीको त्यो दाबी त्यस्तै मानिन्छ यदि उनले अर्जुन कार्कीलाई अमेरिकी राजदूत सुशील कोइरालाले पठाएको हो, मेरो केही हात छैन भन्ने दाबी गरे भने । यी नियुक्तिहरू विशेष प्रयोग र नियतका साथ गरिएका थिए ।

१२-बुँदेको अर्थ र दीर्घकालीन प्रभाव नबुझ्ने र बुझेर पनि नबुझेजस्तो गर्नेहरूले नै नेपाली राज्य हाँकिरहेका छन् । अहिले पनि बाह्य कठपुतलीका रूपमा । भारतका तत्कालीन विदेश सचिव श्याम सरणलाई नेपालको राजनीतिक स्थायित्वलाई तहसनहस पारी 'दास पात्र' खडा गर्ने अनुमोदन हासिल भयो उनको राजनीतिक नेतृत्वबाट त्यसबेला । आठ जना 'नेपाली' नेताहरूले १२ बुँदेमा हस्ताक्षर गरी दासत्व स्वीकार गरे ।

नेपालमा 'गणतन्त्र'को एजेन्डामा अमेरिकालगायतको समर्थन हासिल गरेपछि 'धर्म-निरपेक्षता र संघीयता' पनि 'आन्तरिक एजेन्डा' बने । यतिसम्म कि प्रधानमन्त्रीका रूपमा नेपाल आएका भारतीय नरेन्द्र मोदीले समेत त्यो साँठगाँठबाट लादिएको परिवर्तनको स्वागत नै गरे संविधानसभा सम्बोधनमा । जब कि धर्मनिरपेक्षताका नाममा हिन्दू धर्मलाई किनबेचको विषय बनाइएको थियो र खास गरी 'नाथ (गोरखनाथ) पन्थको खलनायकीकरण गरिएको थियो । १७ वर्षपछि नेपालको 'अग्रगामी' राजनीति र परिवर्तनमा भारत-अमेरिकाबीचको सहकार्य धर्मराएको छ । स्टेट पार्टनरसिप प्रोग्राममा नेपाल सहभागी हुँदाको अवस्था भारतलाई स्विकार्य नहुने सन्देश उनीहरूको 'कूटनीतिक च्यानल' मार्फत प्रधानमन्त्री, प्रचण्ड र प्रधानसेनापतिलाई दिन बाध्य भए । जुन १५ मा सैनिक मुख्यालयले एसपिपीजस्तो सहमति आज या भविष्यमा कहिल्यै पनि नेपाली सेनाका लागि स्विकार्य नहुने खुलासा यही पृष्ठभूमिमा गरेको हो ।

१२-बुँदेपछि सीमावर्ती नेपाली क्षेत्र अर्थात् तराईमा राष्ट्रसंघ, अमेरिका र पश्चिमी दाताहरूको सहयोगमा असहिष्णुता र राजनीति, निषेधको राजनीतिसँग अलगाववाद र जातीय वैमनश्यता चर्केको र त्यो अन्तत: भारतकै अहितमा गएको आकलन १२-बुँदेका रचयिता भारतीय संस्थापनको एउटा पक्षले गर्दै आएको छ । वास्तवमा १२-बुँदेका रचयिता भारतीय शक्तिहरू पश्चिमा प्रभावमा बढी रहेको मान्ने पक्ष पनि छ अहिले नेपाल नियालिरहेको त्यहाँको संस्थापनभित्रै । एमसिसी अनुमोदनसम्मको चरणमा मौन रहेको भारतले एसपिपीमा हस्ताक्षर गर्ने तयारी अन्तिम चरणमा पुगेको अवस्थामा कूटनीतिक सक्रियता देखाउनुले उसको असुरक्षाको भाव पुष्टि गर्छ । नेपालमा राजदूत रही विदेश सचिवको जिम्मेवारी लिन पुगेका श्याम सरणले भारत सरकारले नै आतंकवादी घोषित गरेका माओवादी र त्यससँग सहकार्यसँगै उनीहरूलाई व्यापक अन्तर्राष्ट्रिय अनुमोदन लिन र दिन अमेरिका, राष्ट्रसंघ तथा युरोपेली संघसँग सहकार्य र साझेदारीको नीति अपनाए ।

यता आएर त्यसैको स्वाभाविक 'बाई प्रोडक्ट' का रुपमा नेपालमा भारतले हैसियत गुमाएको मात्र होइन अमेरिकाले आफ्नो हैकम विस्तार गरेको छ । त्यसले भारतलाई पार्ने असर एकातिर र अर्कोतिर अमेरिकी प्रभुत्वप्रति चीनको बढ्दो असहजता र उसले बोक्न थालेको एसियाली अवधारणाप्रति देखापरेको सकारात्मक चासोले नयाँ भारतीय संस्थापन बढी चिन्तित देखिनु स्वाभाविक हो । भारत छिमेकमा अस्थिरता चाहन्छ । परिआएमा 'आतंकवाद'सँग समेत सहकार्य गर्छ भन्ने मान्यता १२ बुँदेले नेपालमा स्थापित गरेको छ । यससँगै युक्रेन-रुस मामिलामा भारत र चीनभन्दा फरक अडानले दुवै छिमेकी नेपालबारे सशंकित हुनु अस्वाभाविक हैन ।

सम्भवत: श्याम सरण जस्तै नेपालमा राजदूत रही विदेश सचिव बन्न पुगेका विनय मोहन क्वात्राको नेपालको प्रत्यक्ष अनुभव वस्तुनिष्ठ समीक्षाका लागि महत्वपूर्ण निर्णायक 'इनपुट' बन्न सक्छ । भारतीयहरू नेपालमा अमेरिकाको बढ्दो प्रभाव र चीनको बढ्दो उपस्थिति तथा त्यसको कारणबारे उनी जानकार छन् । र, नेपाल भारत सम्बन्धलाई विश्वसनीय रुपमा आवश्यक सुधार गर्ने अवसर र ज्ञान उनले बटुलेका छन् । चीन अहिले विकासोन्मुख र एसियाली मुलुकलाई बाहिरी जगतको (अमेरिकी) प्रभाव तथा हस्तक्षेपबाट मुक्त राख्नुपर्ने र विद्यमान विश्व संरचना तथा व्यवस्थामा अमेरिकी एकल प्रभुत्व रहनु नहुने अनि विश्व व्यवस्थामा उसको हैसियत अहिलेको जस्तो जवाफदेहीविहीन हुन नहुने अभियानमा छ ।

रुस-युक्रेन युद्ध जारी छँदा भारतले आफ्नो सर्वोच्च राष्ट्रहितबाट निर्देशित भई तटस्थताको नीति अपनाएको छ भने अमेरिकासँगको प्रतिस्पर्धा र रुससँगको निकटता बाबजुद पनि चीनले आफ्नो सन्तुलन कायम गरेको छ कूटनीतिमा । नेपाल आफ्नो नयाँ अभिभावक रिझाउने अल्पदृष्टिको कूटनीतिमा तल्लीन छ । चीनको नजर युद्धपछिको विश्वव्यवस्थामा आफ्नो प्रभावकारी भूमिकातर्फ देखिन्छ । अमेरिका 'नेटो' सैन्य गठबन्धनमार्फत आफ्नो हैसियत तथा स्वार्थ बचाउन सकिन्छ कि भनी एउटा सम्भावनाको खोजीमा जुटेको छ । तर, सैन्य गठबन्धन रुसलाई पराजित गर्न या युक्रेनलाई सहयोग गर्न एकजुट हुने देखिँदैन । फ्रान्स, जर्मनीलगायत शक्तिशाली युरोपेली मुलुकहरू औद्योगिक र आर्थिक प्रतिकूलता निम्तिन ग्यास आपूर्ति अभाव निम्तिने गरी रुसविरुद्ध अमेरिकालाई साथ दिन लागिनपर्ने स्पष्ट छ ।

युद्धस्थल जति टाढा भए पनि युद्धको यो अवस्थाले नेपाल र नेपालीहरू प्रभावित भइसकेका छन्, भइरहेका छन् । 'नेटो' सैन्य गठबन्धनमै असहजता देखा परेको बेला नेपालमा अमेरिकी सेनालाई फरक रुपले प्रवेश दिन चाल चल्ने नेपाल सरकारका दलहरू र त्यसमा संलग्न पात्रहरूको भूमिकामा संसद् या ठूला दलहरूभित्र बहस माग गर्न कुनै दल तयार हुन सकेनन् । गगन थापा र विश्वप्रकाश शर्मा, राजन भट्टराई या योगेश भट्टराईको सोच बुझ्ने अवसर मुलुकले पाएन । केपी ओली 'मोनोलग' मा विश्वास राख्छन् तर मुलुकले कस्तो नीति अपनाउनुपर्छ, त्यो माहोल तयार गर्नमा लाग्दैनन् । किनकि उनी एकतन्त्रीय, सर्वसत्तावाद तथा विकल्पहीन नेतृत्वको पक्षधर हुन् ।

यो विश्व परिदृश्यमा आफूलाई कसरी प्रस्तुत गर्ने ? नेपाल मौन छ । तर दुर्भाग्य, प्रधानमन्त्री शेरबहादुर देउवाले अमेरिका यात्रा रद्द गरिसकेका छैनन्, एसपीपी रद्द भइसकेको धारणा पार्टीमा पनि । माधवकुमार नेपाल आफ्ना मन्त्रीहरू फेरबदल गर्न सफल भएका छन्, तीन साताको प्रतीक्षापछि । - बाँकी ३ पेजमा....

# पल बाहिर नआएसम्म फिल्म नै नबनाउने भनेकी पूजाको बोली किन फेरियो ?



काठमाडौं/ बोल्ने मामलामा राजनीतिज्ञ र अभिनेत्री पूजा शर्मामा खासै भिन्नता छैन । न उनीहरु सोच-विचार गरेर आफ्नो अभिव्यक्ति राख्छन् न बोलीमा अडिग नै रहन्छन् । पूजा शर्माले पटक-पटक मिडियामा विवाहपछि फिल्मबाट टाढा रहने बताउँदै आएकी थिइन् । तर, फिल्म 'म यस्तो गीत गाउँछु २' प्रदर्शनको समयमा भावुक भएर दर्शकहरुको मायाका लागि अब इन्डस्ट्री नछाड्ने घोषणा गरिन् ।


'म यस्तो गीत गाउँछु २' रिलिजको मुखमा रहँदा अभिनेता पल शाहविरुद्ध एक नाबालिगलाई करणी गरेको भन्दै प्रहरीमा उजुरी परेको थियो । फिल्म रिलिजपछि उनले प्रहरीसमक्ष आत्मसमर्पण गरे । उता, पलका फ्यानको सान्त्वना बटुल्न पूजाले पलको तस्विर अंकित टिर्सट लगाएर हलहरु घुम्ने क्रममा मिडियामा अर्को घोषणा गरिन्, 'अब पल बाहिर नआएसम्म फिल्मै बनाउँदिनँ ।' केही समयपछि एक भिडियो अन्तर्वार्तामा सञ्चारकर्मीले 'त्यो घोषणा आवेगमा गरेको त होइन ?' भनेर प्रश्न सोध्दा पूजाले भनेकी थिइन्, 'पल बाहिर नआएसम्म फिल्म नै बनाउँदिनँ भनेर मैले आवेगमा भनेको थिइनँ । मैले भगवान् मागेको क्षेत्र हो यो । म आज जे छु यही क्षेत्रका कारण छु । म डुबेको पनि र राम्रो भएको पनि फिल्मबाटै हो । मैले पलसँग भेट हुँदा पनि यही भनेकी थिएँ ।'

पल शाह बाहिर नआएसम्म फिल्म नै नबनाउने भनेकी पूजाले शुक्रवार नयाँ फिल्मको घोषणा गरिन् । मुख्य भूमिकामा अभिनेता अनमोल केसीलाई अनुबन्ध गर्दै उनले आफ्नो होम प्रोडक्सनबाट फिल्म बनाउन लागेको जानकारी सोसल मिडियामार्फत् दिएकी हुन् । फिल्मलाई सुदर्शन थापाले एक्सन-कट गर्दैछन् । नयाँ फिल्मको घोषणा गरेसँगै पूजामाथि धेरैले नैतिक प्रश्न उठाएका छन् ।

उनले नयाँ फिल्ममा अनमोललाई भित्राएको जानकारी दिँदै फेसबुकमा गरेको पोस्टको कमेन्टमा कतिले पल नआएसम्म फिल्म नबनाउने भनेर गरेको घोषणालाई पूजाको 'म यस्तो गीत गाउँछु २' चलाउने फण्डा मात्र थियो भनेका छन् भने कतिले कलाकारको बोलीमा विश्वास गर्न नहुने बताएका छन् । पूजाको बोलीमाथि प्रश्न उठाउनेविरुद्ध उनका कट्टर फ्यानहरु कमेन्टमै लडिरहेका छन् ।

पल शाह नछुटेसम्म फिल्म नै नबनाउने भनेको कुरा आफैंमाथि भारी परेपछि पूजाले बोली फेर्दै एक दर्शकको फेसबुक पोस्टको कमेन्टमा 'म यस्तो गीत गाउँछु'को सिरिज मात्र पल बिना नबनाउने भनेको स्पष्टिकरण दिएकी छन् । तर, पहिला उनले स्पष्टसँग पल नआएसम्म फिल्म नै नबनाउने घोषणा गरेकी थिइन् । खैर, अब यसरी बुझौंन- हाड नभएको जिब्रो बोल्दा बोल्दै लटपटियो । *-साभार: फिल्मीखबर*

# आखिर कसले गऱ्यो कप्तान सन्दीपलाई असहयोग ?



## यो लडाई एक्लैले लड्नुपर्छ

काठमाडौं/ नेपाली राष्ट्रिय क्रिकेट टिम अहिले क्यानाडा भ्रमणमा रहेको छ । नेपालले क्यानाडाविरुद्ध जुलाई ५ र जुलाई ६ मा दुई खेलको एकदिवसीय क्रिकेट सिरिज खेल्दैछ ।

तर त्यो सिरिज अघि शनिबार नेपाली क्रिकेट टिमका युवा कप्तान सन्दीप लामिछानेले सामाजिक सञ्जाल ट्वीटरमा गम्भीर ट्वीट गरेका थिए । २१ वर्षीय सन्दीपले 'शून्य सहयोग' लेख्दै प्रश्न वाचक चिन्ह प्रयोग गरेका छन् । त्यसपछि उनले थपेका छन् कि 'यो लडाई एक्लैले लड्नुपर्छ' ।

यदि यो विषय सन्दीपको पारिवारिक वा प्रेम सम्बन्धको हो भने यसबारे खासै टिप्पणी गर्नुपर्ने आवश्यकता देखिदैन । तर यदि उनले नेपाली क्रिकेटलाई लिएर उक्त ट्वीट गरेका हुन् भने यसको उत्तर खोज्नु आवश्यक छ किनभने एक हिसाबले कप्तानको नाताले नेपाली क्रिकेटको भविष्य सन्दीपको हातमा छ ।

*त्यसो भए कप्तानको रुपमा रहेका सन्दीपलाई कसले सहयोग गरेन ?*

सबैभन्दा पहिले त नेपाल क्रिकेट संघ (क्यान) ले सन्दीप अष्ट्रेलियामा बिग बाँस लिगमा व्यस्त भइरहँदा उनलाई कप्तान बनायो, त्यो पनि ज्ञानेन्द्र मल्लको कप्तानी खोसेर । यसरी हेर्दा क्यानले उनलाई असहयोग गर्ने अवस्था देखिदैन । क्यानको मुख्य पदाधिकारीहरुले सन्दीपलाई सहयोग गरि नै रहेका छन् ।

क्यान पदाधिकारी पछि नेपाली टिममा बलियो भनेको मुख्य प्रशिक्षक पुबुदुदासानायके हुन् । र मुख्य प्रशिक्षक दासानायकेले सन्दीपलाई असहयोग गर्ने कल्पना पनि गर्न सकिदैन किनभने नेपाली टिमलाई उनीहरुले नै प्रत्यक्ष रुपमा हाँकिरहेका छन् । अझ सबैभन्दा ठूलो कुरा भनेको सन्दीपलाई नेपाली क्रिकेट टिममा भित्र्याउनुको पछाडि दासानायकेकै सबैभन्दा ठूलो योगदान छ । सन्दीपको चितवनदेखि काठमाडौंसम्मको यात्रामा दासानायकेकै हात छ भनेर फरक पर्दैन । त्यसबाहेक सन्दीपले ज्ञानेन्द्र मल्लको कप्तानीमा नेपाली टिमबाट खेले । क्यानले अनुशासनको कारवाही गर्दै ज्ञानेन्द्रको कप्तानी खोस्दै सन्दीपलाई कप्तान नियुक्त गऱ्यो ।

सन्दीप कप्तान नियुक्त भएपछि ज्ञानेन्द्र मुख्य प्रतियोगिताको रुपमा ओमानमा भएको चारदेशीय टी-ट्वान्टी सिरिज, आईसीसी टी-ट्वान्टी विश्वकप क्वालिफायर तथा युएईमा भएको आईसीसी पुरुष विश्वकप लिग-२ अन्तर्गतको त्रिकोणात्मक एकदिवसीय अन्तर्राष्ट्रिय सिरिज खेले ।

त्यसयता ज्ञानेन्द्र टिममै परेका छैनन् । र उनले असहयोग गर्ने अवस्था रहँदैन । ज्ञानेन्द्रसँगै क्यानले अलराउन्डर दिपेन्द्र सिंह ऐरी, सोमपाल कामी र कमल सिंह ऐरीलाई कारवाही गरेको थियो । घाइते भएका कारण कमल पछिल्लो समय टिममा छैनन् । केवल दिपेन्द्र र सोमपाल टिममा नियमित रुपमै परिरहेका छन् ।

अलराउन्डरको रुपमा रहेका दिपेन्द्रले अधिकांश खेलमा ब्याट अथवा बलबाट राम्रै प्रदर्शन गरिरहे पनि आईसीसी पुरुष क्रिकेट विश्वकप लिग-२ अन्तर्गत अमेरिकामा भएको त्रिकोणात्मक एकदिवसीय सिरिज अन्तर्गत दिपेन्द्रको प्रदर्शन खासै राम्रो रहेन । उनले ओमानविरुद्धको पहिलो खेलमा १६ रन जोड्दा बलिङमा ३८ रन खर्चिएर कुनै पनि विकेट लिएनन् । अमेरिकाविरुद्धको पहिलो खेलमा १ रन जोड्दा बलिङमा ५५ रन खर्चिएर कुनै पनि विकेट हात पार्न सकेनन् । त्यसैगरी ओमानविरुद्धको दोस्रो खेलमा अविजित ६ रन जोड्दा ९ रन खर्चिएर एक विकेट लिएका थिए । त्यसैगरी अमेरिकाविरुद्धको दोस्रो खेलमा ७ रन जोड्दा ४३ रन खर्चिएर १ विकेट हात पारे ।

बलरको रुपमा रहेका सोमपालले भने ओमानविरुद्ध पहिलो खेलमा १३ रन बनाउँदा ४० रन खर्चिएर १ विकेट हात पारे भने दोस्रो खेलमा ब्याटिङ गर्न नपाएका सोमपालले २४ रन खर्चिएर १ विकेट लिए । अमेरिकाविरुद्ध पहिलो खेलमा १ रन बनाउँदा २९ रन खर्चिएर १ विकेट हात पारे भने दोस्रो खेलमा ४७ रन जोड्दा ५७ रन खर्चिएर १ विकेट लिए ।

पछिल्ला प्रदर्शनले दिपेन्द्र वा सोमपाल कामीले कप्तान सन्दीपलाई असहयोग गरे जस्तो लाग्दैन वा अवस्था त्यस्तो आएको भए सन्दीप आफै कप्तान छन् र कुनै खेलका लागि प्लेइङ-११ मा खेलाडी राख्ने निर्णय उनकै हातमा रहेको छ । त्यसभन्दा माथि कुनै पनि खेलाडीको कुनै कुनै खेलमा प्रदर्शन राम्रो नभएको खण्डमा उसले असहयोग गऱ्यो भन्ने अवस्था भने हुँदैन ।

त्यसबाहेक टिमका अन्य खेलाडीले असहयोग गऱ्यो भने आधार पनि छैन किनभने अधिकांश खेलाडी उनकै कप्तानीमा डेब्यु गरेका छन् र उनीहरुले पनि राम्रै प्रदर्शन गरिरहेका छन् । नतिजाको हिसाबले भने मुख्य प्रतियोगितामा नेपालले भने सन्तोषजनक नजिता आउन सकेको छैन ।

र अर्कोतर्फ कप्तान बनेपछि सन्दीपको प्रदर्शन कप्तान बन्नुअघि भै उत्कृष्ट नभएको तथ्यांकले देखाएको छ । -साभार: इकागज

# एमालेले सातै प्रदेशमा खटायो वरिष्ठ उपाध्यक्ष र उपाध्यक्ष



काठमाडौं/ नेकपा एमालेले प्रदेश र जिल्ला स्तरमा कार्यकर्ता प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने भएको छ ।

आइतबार बसेको पार्टीको सचिवालय बैठकले सातै प्रदेश र जिल्लास्तरमा कार्यकर्ता प्रशिक्षण, निर्वाचन तयारीलगायतको काम गर्ने निर्णय गर्दै उपाध्यक्षहरुलाई प्रदेशमा खटाएको छ ।

एमाले उपमहासचिव तथा प्रचार विभाग प्रमुख पृथ्वी सुब्बा गुरुङका अनुसार प्रदेश १ मा वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल, मधेशमा उपाध्यक्ष सुरेन्द्र पण्डे, वागमतीमा विष्णु पौडेल, गण्डकीमा अष्टलक्ष्मी शाक्य, लुम्बिनीमा सुवासचन्द्र नेम्वाङ, कर्णालीमा रामबहादुर थापा र सुदुरपश्चिममा युवराज ज्ञवालीलाई संयोजनको जिम्मेवारी तोकिएको छ ।

उनीहरुले आगामी निर्वाचनको तयारी, जनप्रतिनिधिको काममा सहजीकरण, महंगी नियन्त्रणमा सरकारलाई दबाव दिने, विपदमा पार्टीको स्वयंसेवी संयन्त्रलाई तयारी अवस्थामा राख्न निर्देशन दिने, प्रदेश र जिल्ला स्तरमा हुने प्रशिक्षण कार्यक्रमको संयोजन गर्ने गुरुङले बताए । -अनलाइनखबर

# छ महिनामा दुई लाख ३७ हजार पर्यटक नेपाल आए

काठमाडौं/ सन् २०२२ को जुन महिनामा हवाई मार्ग भएर ४६ हजार ९०० विदेशी पर्यटक नेपाल भित्रिएका छन् । नेपाल पर्यटन बोर्डको तथ्यांक अनुसार यो संख्या सन् २०१९ को तुलनामा ६९.३ प्रतिशत रिकभरी भएको हो ।


सन् २०१९ ६१ हजार ३५१ विदेशी पर्यटक नेपाल भ्रमणमा आएका थिए । योसँगै अंग्रेजी वर्षको छ महिना अवधिमा कूल दुई लाख ३७ हजार ८१३ पर्यटकले नेपाल भ्रमण गरेका छन् । बोर्डका अनुसार मे महिनामा ५३ हजार ६०८ पर्यटकले नेपाल भ्रमण गरेका थिए ।

सन् २०२२ को जनवरीमा १७ हजार, फेब्रुअरी २० हजार, मार्चमा ४२ हजार, अप्रिलमा ५८ हजार पर्यटकले नेपालमा भ्रमण गरेका थिए । यो संख्या नेपाल भ्रमणका लागि हवाई मार्ग हुँदै नेपाल भित्रिएको पर्यटन भएको जनाएको छ ।

सन् २०२२ देखि नेपालमा पर्यटक आगमनमा सुधार हुँदै आएको देखिन्छ । कोभिड-१९ पछि नेपालमा पर्यटन आगमन दरमा क्रमिक सुधार आएको देखिन्छ । जुनमा भारतबाट २३ हजार २४८, अमेरिकाबाट आठ हजार ३५१, बंगलादेशबाट दुई हजार ५९, बेलायतबाट, दुई हजार, अष्ट्रेलियाबाट एक हजार ४०० जनाले नेपाल भ्रमण गरेका छन् ।

-साभार: इकागज

# पेट्रोलियम पदार्थमा कर: ११ महिनामा सरकारले उठायो १ खर्ब ५ अर्ब



काठमाडौं/ चालु आर्थिक वर्ष २०७८/७९ को ११ महिनाको अवधिमा सरकारले पेट्रोलियम पदार्थबाट १ खर्ब ५ अर्बभन्दा बढी कर उठाएको छ । भन्सार विभागको तथ्यांकअनुसार साउनदेखि जेठसम्मको अवधिमा पेट्रोल, डिजेल, मट्टितेल, एलपीजी ग्यास र हवाई इन्धनबाट उक्त कर उठाएको हो ।

यस अवधिमा नेपालमा विदेशबाट १ खर्ब ४५ अर्ब २१ करोड रुपैयाँको डिजेल आयात भएको छ । ११ महिनाको अवधिमा १६ लाख २ हजार ४०८ किलोलिटर डिजेल आयात भएको हो । यसबाट राज्य कोषमा ५७ अर्ब ९० करोड रुपैयाँ कर गएको छ । सरकारले डिजेलको आयातमा प्रतिलिटर ४९.५३ रुपैयाँ असुल्दै आएको छ ।

यसै गरी, यस अवधिमा ६२ अर्ब ९१ करोड रुपैयाँ बराबर को ६ लाख ७८ हजार ६७२ किलोलिटर पेट्रोल भित्रिएको छ । ११ महिनाको अवधिमा नेपालमा उक्त मूल्य र परिमाण बराबरको पेट्रोल आयात भएको हो । यसबाट राज्य कोषमा ३५ अर्ब ५२ करोड रुपैयाँ कर संकलन भएको छ ।

यसका साथै, १४ अर्ब ३४ करोड रुपैयाँको मट्टितेल भित्रिँदा १८ करोड ६० लाख रुपैयाँ कर उठेको छ । यस्तै, १२ अर्ब ८८ करोड रुपैयाँको हवाई इन्धन आयात हुँदा ७२ करोड २५ लाख रुपैयाँ कर संकलन भएको भन्सार विभागको तथ्यांकले देखाएको छ । यसै गरी, खाना पकाउने एलपीजी ग्यासबाट ११ अर्ब ३ करोड रुपैयाँ कर राज्य कोषमा गएको छ । ११ महिनामा ५९ अर्ब १६ करोडको एलपीजी ग्यास आयात हुँदा उक्त कर संकलन भएको हो ।

***कति छ इन्धनमा कर ?***

यतिबेला भारतसँग प्रतिलिटर १३१.९१ रुपैयाँमा किनेको पेट्रोलको खरिद लागत २१२ रुपैयाँ छ । यसमा सरकारले लिने प्रतिलिटर ६५.६१ रुपैयाँ कर र ढुवानी लागत, बीमा खर्च, प्राविधिक खर्च, प्रशासनिक खर्च र पेट्रोल पम्पहरूको नाफा पनि जोडिन्छ । यो सब खर्च जोड्दा पेट्रोलको लागत २१२ रुपैयाँ प्रतिलिटर पुग्छ ।

यस्तै, १४६.५२ रुपैयाँ खरिद मूल्य रहेको डिजेलको खरिद लागत २०५ रुपैयाँ पुग्छ । जसमा सरकारले प्रतिलिटर ४९.५३ प्रतिशत कर संकलन गर्छ । यस्तै, अन्य खर्च जोड्दा प्रतिलिटर २०५ रुपैयाँ मूल्य पुग्न आउँछ । यसमध्ये, अर्थ मन्त्रालयले पूर्वाधार करका शीर्षकमा लाग्दै आइरहेको १० रुपैयाँ कर घटाउने निर्णय गरेको थियो । जसअनुसार, आयल निगमले लागत मूल्यमा १० रुपैयाँ घटाएर बिक्री वितरण गर्दै आएको थियो ।

यसपछि, डिजेलमा २९ रुपैयाँ र पेट्रोलमा २० रुपैयाँ कर घटाउन सत्ता गठबन्धन दलहरू सहमत बनेका थिए । सोअनुसार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले मूल्य घटाइसकेको छ । यद्यपि, अहिलेसम्म कर समायोजन भइसकेको छैन । *-साभार: रातोपाटी*

# बजेटको अघिल्लो दिनको सिसिटिभी फुटेज मेटिएको अर्थ मन्त्रालयको दाबी




काठमाडौं/ अर्थ मन्त्रालयले ०७९/८० को बजेट भाषणको अघिल्लो दिनको सीसीटीभी फुटेज दिन इन्कार गरेको छ ।

उपभोक्ता हित संरक्षण मञ्च नेपालका सचिव जय प्रसाद पौडेलले सूचनाको हक अन्तर्गत उक्त दिनको अर्थ मन्त्रालयको सीसीटीभी फुटेज माग्दा मन्त्रालयले नदिएको हो ।

अर्थमन्त्री जनार्दन शर्माले गत जेठ १५ गते प्रतिनिधि सभामा आर्थिक वर्ष २०७९/८० को बजेट पेश गरेका थिए ।

बजेट पेश गरेको केही दिनपछि जेठ १४ गते राती (बजेट पेश गरेको अघिल्लो दिन) मन्त्री शर्माले मन्त्रालयमा दुई जना अनधिकृत व्यक्तिलाई प्रवेश दिई केही कम्पनीको हितमा हुनेगरी राजस्वको दर तलमाथि गरेको खुलासा मिडियाले गरेका थिए ।

त्यसपछि उक्त दिनको अर्थ मन्त्रालयको सीसीटीभी फुटेज उपलब्ध गराइदैन भन्दै पौडेलले असार १४ गते निवेदन दिएका थिए । निवेदनमा उनले २०७८ भदौ २४ गते बेलुका ११ बजेदेखि २०५८ भदौ २५ थते विहान ६ बजेसम्म र २०७८ जेठ १४ गते बेलुका ६ बजेदेखि २०७९ जेठ १५ गते विहान ६ बजेसम्मको सीसीटीभी फुटेज माग गरेका थिए ।

अर्थ मन्त्रालयले निवेदनको जवाफ आज पौडेललाई दिएको छ । जवाफमा मन्त्रालयले भनेको छ, 'मन्त्रालयमा जडान भएको सीसीटीभीको क्षमता र जडान भएको क्यामेराको आधारमा बढीमा १३ दिनसम्मको मात्र सीसीटीभी फुटेज अभिलेखमा रहने र तत्पश्चात पहिलेको अभिलेख क्रमश: मेटिदै जाने भनी लेखि आएको हुँदा सोही व्यहोरा सूचना तथा जनकारी गराइएको आदेशानुसार अनुरोध गर्दछु ।'

अर्थ मन्त्रालयको यो भनाई सरकारले २०७२ सालमा लागू गरेको सीसीटीभी जाडान तथा सञ्चालन सम्बन्धी कार्यविधि विपरित पाइएको छ ।

कार्यविधिमा सीसीटीभी फुटेज कम्तीमा तीन महिनासम्म सुरक्षित राख्नु पर्ने उल्लेख छ । तर अर्थ मन्त्रालयले १३ तीनभन्दा बढीको सीसीटीभी फुटेज नरहने बताएको छ । -साभार: देशसञ्चार

# दासत्वको राजनीतिमा...

उपेन्द्र यादव र बाबुराम भट्टराईबीचको द्वन्द्वलाई भोलि सैद्धान्तिक जामा ओढाउने प्रयास अवश्य गर्नेछन् उनीहरूले । तर, उनीहरूको मुख्य ध्येय आफ्ना निजी वफादारलाई सत्तामा ठाउँ सुनिश्चित गर्नु नै हो । मन्त्रिपरिषद्भित्र दोस्रो परिवर्तनका बाहक यी नेताहरू नै हुनेछन् । माओवादीभित्र प्रचण्डको आफ्नो कमजोरी र बाध्यता अब छताछुल्ल भएको छ ।

जनार्दन शर्माले अर्थमन्त्रीका रूपमा बजेट निर्माणमा बाह्य हस्तक्षेप स्वीकारेका छन् । त्यसमा पैसालगायत विषयको भूमिका स्थापित हुन नसक्ला तर बजेटको गोपनीयताको चिरहरण गम्भीर उल्लंघन हो संसदीय मर्यादा परम्पराको । त्यो मन्त्रिपरिषद्को बिकाउ चरित्रको पनि प्रतीक हो । उनलाई कारबाही गर्न नसक्नु प्रचण्ड र देउवाको कमजोरी हो । सरकारको नेतृत्व कमजोर हुँदा राष्ट्रिय हितहरूमा सम्झौता हुन सक्छ । त्यो भइरहेको छ ।

आफ्नो स्वार्थ र सत्ताकै लागि राजनीति गर्नेले जनताका लागि केही गर्दैनन् । दासत्वमा क्रान्ति र परिवर्तनको रट जति लगाए पनि त्यसको स्वायत्त जग हुँदैन । परनिर्देशित राजनीतिमा विवेक र आत्मसम्मानका लागि स्थान हुँदैन । मर्यादाको स्खलन हुन्छ । विश्व परिवेश जे भए पनि आफ्ना बाह्य मालिकहरूको बाँसुरी नै हाम्रा निरोहरूले बजाइरहनेछन् ।

गृह मन्त्रालयले 'मर्यादाक्रम' समीक्षा गर्दै पूर्व राष्ट्राध्यक्षलाई छैटौं हैसियतमा राख्न सिफारिस गऱ्यो । तर, आफूलाई कृष्णप्रसाद भट्टराईका अनुयायी भन्न चाहने गृहमन्त्री बालकृष्ण खाँणले भट्टराईले भनेको 'आयातित एजेन्डा' का दासका रूपमा आफूलाई प्रस्तुत गरे ।

पूर्वराजालाई 'मर्यादाक्रम' मा स्थान दिनहुन्न भन्ने अडानसाथ निषेधको अप्रजातान्त्रिक राजकीय चरित्रलाई उनले निरन्तरता दिए । अमर्यादित नेतृत्वका लागि इतिहास र परम्परा अनि राज्यको अविच्छिन्नताको सिद्धान्तलाई निषेध गर्न र अस्वीकार गर्न सहज होला केही समयका लागि तर आफ्नो परम्परा र मर्यादाको निर्वाह गरिरहेका जनता र नेपाली संस्कारले त्यो असहिष्णु राजकीय चरित्रलाई ज्यादा समयका लागि स्वीकार गर्ला ? जनताको भावनासँग खेलवाड गर्ने सामान्य शिष्टाचार, परम्परा र संस्कृतिलाई निषेध गर्ने र नेपाल विश्वका १७ औं प्राचीन मुलुकमध्ये हैन बरु ०६२-०६३ को १२-बुँदेपछि जन्मिएको हो भन्ने मान्यता विचार गर्ने 'अबुझ शठ'हरू के क्षमाका हकदार पनि होलान् र ? अन्तत: अमर्यादित राज्य संरचनामा बहुसंख्यक जनता अपमानित हुन्छन् । अहिले त्यही भइरहेको छ ।

तर, अहिले हिजो 'क्रान्ति'का नाममा दासत्वको खोल र अग्रगमनका नाराका साथ शासन गरेका पात्र र दलहरूमा वैमनश्य देखा परेको छ । राजनीति र दलहरू 'अमिबा' प्रक्रियाबाट गुज्रिरहेका छन् । माओवादी, एमाले, एकीकृत समाजवादी खण्डित भएका छन् । नेपाली कांग्रेस र माओवादीबीचको झगडाले अन्तिम रूप लिनेबित्तिकै कथित अग्रगामी व्यवस्था ढल्ने निश्चितप्राय: छ ।

किनकि १२ बुँदे र त्योसँग जोडिएको परिवर्तनको प्राण यिनीहरूको कथित एकता या सहकार्यमा आश्रित छ । उनका बाह्य अभिभावकहरूबीचको झगडा र कित्ताकाटको प्रमाण एसपीपी प्रकरणले देखाइसकेको छ । अभिभावकहरूको आशीर्वादबिना उनीहरूको गठबन्धन या दलको अस्तित्व अनि सत्तामा निरन्तरता सम्भव छैन ।

-साभार: देशसञ्चार

## कागजात हराएको सूचना

मेरो निम्न व्यहोराको ब्लुबुक र रुट परमिट मिति २०७९ असार ९ गते हेटौंडा बजारदेखि नवलपुर जाने क्रममा हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न फोन नम्बरमा सम्पर्क गरी बुझाइदिनु हुन अनुरोध गरिन्छ ।
**नाम:** नवराज घिमिरे
**अटो नम्बर:** ना १ ह ८८९६
**सम्पर्क फोन:** ९८४५६१९०२३

## आकर्षक घडेरी बिक्रिमा

हेटौंडा उपमहानगरपालिका-१२ हात्तिगौडा, रमेशचोकमा १० धुरको आकर्षक घडेरी बिक्रीमा छ । पानी, विजुली र राम्रो बाटो पुगेको मुख्य चोकमा अवस्थित घडेरी किन्न इच्छुकले तुरुन्त सम्पर्क गर्नुहोस् ।
सम्पर्क: ९८४५०७१०६५, ९८४५२९०३९१

## के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

Printer Shop
*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# विद्यार्थीदेखि जनप्रतिनिधिलाई विपद् व्यवस्थापन तालिम



साझाकुरा संवाददाता

हेटौंडा, १९ असार/ मकवानपुरको पश्चिमी क्षेत्रस्थित मनहरी गाउँपालिकामा विद्यार्थीदेखि जनप्रतिनिधिसम्मलाई विपद् व्यवस्थापन तालिम प्रदान गरिएको छ ।

तालिममा विपद् व्यवस्थापनको बिषयलाई विद्यालय सुधार योजनामा एसआइपीमा समाबेश गरी सुरक्षित विद्यालय अवधारणालाई कार्यान्वयन गर्न शिक्षक, विद्यार्थी, अभिभावक, वडाका जनप्रतिनिधिलाई सहजीकरण गरिएको थियो । मनसुन सुरु भएसँगै प्राकृतिक विपद्लाई उचित ढंगबाट व्यवस्थापन गर्न विद्यार्थी, शिक्षक, अभिभावक र वडाका जनप्रतिनिधिलाई तालिम दिइएको हो ।

मनहरी-४ मसिनेस्थित पशुपतिनाथ माविमा केन्द्रीय आयोजना कार्यान्वयन ईकाइको आयोजनामा चार दिनेसम्म तालिम भएको हो । तालिममा एसियाली विकास बैंकका कन्सल्ट्यान्टकातर्फबाट सुरेश नाथले तालिममा सहजीकरण गरेका थिए । डा. सदस्य दिनेश चेपाङको प्रमुख आतिथ्यता तथा विद्यालय व्यवस्थापन समितिका सदस्य मंगलबहादुर मोक्तानको सभाध्यक्षतामा तालिम समापन भएको छ ।

कार्यक्रममा विद्यालय व्यवस्थापन समिति अध्यक्ष माधब गौतम, विद्यालयका प्रधानाध्यापक भानुभक्त आचार्य, शिक्षक राचन्द्र तिमल्सिना, ईश्वर रिजालले तालिममा सिकेका बिषयलाई तालिममा मात्रै सीमित नराखी व्यवहारमा उतार्ने प्रतिवद्धता व्यक्त गरे ।

विद्यालयका शिक्षक ६ जना, विद्यार्थी ८ जना, विद्यालय व्यवस्थापन समितिसहित अभिभावक ६ जना, शिक्षक अभिभावक संघका प्रतिनिधि ३ जना, वडाका जनप्रतिनिधि ३ जना तालिममा सहभागी थिए ।

विद्यालय समिति अध्यक्ष गौतमको संयोजकत्वमा सुशील गौतम, मीरा खत्री, ऋषिराम गौतम, मंगलबहादुर मोक्तान, मनोज चौलागाई सुस्मिता जिम्बा, सजल गौतम, रितेश बिष्ट, ईश्वर रिजाल सदस्य रहेको विद्यालय बिपद् व्यवस्थापन समिति पनि गठन गरिएको छ ।

समितिले विद्यालयको स्रोत नक्सांकनसहित बिपद् व्यवस्थापन योजना निर्माण पनि गरेको छ ।

# नमुना प्रदेश युवा सभा अभ्यास कार्यक्रम सुरु





साझाकुरा संवाददाता

हेटौंडा, १९ असार/ प्रदेश युवा परिषद् बागमती प्रदेशको आयोजनामा हेटौंडामा नमुना प्रदेश युवा सभा अभ्यास कार्यक्रम सुरु भएको छ ।

बागमती प्रदेशका विभिन्न स्थानीय तहका ७० जना युवाहरुको सहभागितामा नमुना प्रदेश युवा सभा सुरु भएको हो । कार्यक्रमको उद्घाटन गर्दै प्रदेशका युवा तथा खेलकुद मन्त्री रत्न प्रसाद ढकालले संसदको राम्रो अध्यास गर्न आग्रह गरे । संसदमा हुने गरेको विकृतीहरुलाई छोडेर राम्रा अभ्यास मात्र गर्न पनि उनले अनुरोध गरे ।

कार्यक्रममा प्रदेशसभाका सदस्य प्रेम बहादुर पुलामीले युवाहरुलाई राजनीति प्रति वितृष्णा भइरहेको समयमा यो कार्यक्रम प्रभावकारी रहेको बताए ।

प्रदेश युवा परिषद्का कार्यकारी उपाध्यक्ष सन्तोष चौलागाईले संसदीय अभ्यास सिकाउनका लागि कार्यक्रम गरिएको बताए । कार्यक्रम पाँच दिन सम्म चल्ने छ ।

# बुद्ध माविले उचाल्यो राष्ट्रपति र निङशिल्ड प्रतियोगिताको उपाधी



साझाकुरा संवाददाता

हेटौंडा, १९ असार/ बकैया गाउँपालिकाका बुद्ध माविले १२ औं संस्करणको मकवानपुर जिल्लास्तरीय राष्ट्रपति रनिङशिल्ड प्रतियोगिताको उपाधी जितेको छ । आइतबार सम्पन्न प्रतियोगितामा १० स्वर्ण, ३ रजत र ३ कास्यसहित बुद्ध माविले उपाधी जितेको हो ।

प्रतियोगितामा थाहा नगरपालिकाको जनकल्याण मावि ५ स्वर्ण, ४ रजत र ३ कास्यसहित जनकल्याण द्वितीय भएको छ । यस्तै हेटौंडा उपमहानगरपालिकाका जनकल्याण मावि ४ स्वर्ण, ३ रजत र २ कास्यसहित तृतीय भएको छ ।

प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय भएका विद्यालयका खेलाडीहरुलाई शिल्ड, मेडल र प्रमाणपत्र प्रदान गरिएको छ । प्रतियोगितामा जिल्लाका सात स्थानीय तहले मात्र सहभागिता जनाएका थिए । जिल्लास्तरीय प्रतियोगितामा छनौट भएका खेलाडीहरुले शनिबार र आइतबार हुने प्रदेशस्तरीय राष्ट्रपति रनिङशिल्ड प्रतियोगितामा सहभागिता जनाउने जिल्ला खेलकुद विकास समिति मकवानपुरका कार्यालय प्रमुख राजन दाहालले जानकारी दिए ।

# यातायात व्यवसायी सहकारीको अध्यक्षमा पौडेल निर्वाचित

साझाकुरा संवाददाता

हेटौंडा, १९ असार/ हेटौंडा १० स्थित यातायात व्यवसायी उपभोक्ता सहकारी संस्थाको अध्यक्षमा किरण पौडेल निर्वाचित भएका छन् ।

यातायात व्यवसायीहरुद्वारा सञ्चालित सहकारीको अध्यक्षमा पौडेल निर्वाचित भएका हुन् । पौडेल ९२ मतसहित निर्वाचित भएका । उनको प्रतिद्वन्द्वी सुमनलाल श्रेष्ठ ५५ मत प्राप्त गरेका थिए । निर्वाचित अध्यक्ष पौडेल यस अघि दुई कार्यकाल अध्यक्ष भइसकेका छन् भने श्रेष्ठ संस्थापक अध्यक्ष हुन् । त्यस्तै, उपाध्यक्षमा केशव कुमार उप्रेती (७३) र तीलक कार्की (६८) मत प्राप्त गरेका थिए ।

सचिवमा सुनील कुमार न्यौपाने(८७) र देवनारायण लामिछाने (५४), सहसचिवमा रमेश उप्रेती(८७) र दीपक सिं बुढाथोकी(५४) मत प्राप्त गरेका छन् । संस्थाको कोषाध्यक्षमा कुमार बर्तौला(९८) र रामप्रसाद विडारी(४५) मत प्राप्त गरेका थिए । संस्थाको सदस्यहरु भने निर्विरोध भएका छन् । सदस्यहरुमा प्रकाश पौडेल, माधव प्रसाद अधिकारी, कृष्णमान स्याङ्तान, दिवस अर्याल, चन्द्रकिरण श्रेष्ठ, विक्रम पौडेल, सन्तोष श्रेत्री, विष्णुहरि विडारी रहेका छन् । संस्थाको लेखा समिति संयोजकमा रमेश रेग्मी र सदस्यहरुमा सुन्दर न्यौपाने र वीरविक्रम श्रेष्ठ चयन गरिएको निर्वाचन समिति संयोजक अधिवक्ता मुकुन्द प्रसाद अधिकारीले बताए ।

# शान्ति सुरक्षा कायम गर्न तयार छौं-प्रजिअ पाण्डे



साझाकुरा संवाददाता

हेटौंडा, १९ असार/ मकवानपुरमा भर्खरै सुरुवा भएर आएका प्रमुख जिल्ला अधिकारी राजेन्द्र पाण्डेले जिल्लाको शान्ति सुरक्षा कायम गर्न सक्षम रहेको बताएका छन् । प्रजिअ पाण्डेले आइतबार जिल्लास्थित पत्रकारहरुसँग अर्न्तक्रिया गर्दै नागरिकको शान्ति सुरक्षा नै प्रशासनको पहिलो प्राथमिकता रहेको बताए । प्रशासनलाई प्रशासन जस्तो बनाउन काम गरिने पाण्डेले बताए ।

मकवानपुरमा विशेषत: लागूऔषध नियन्त्रणलगायतका क्षेत्रमा सुरक्षा निकायको सहयोगबाट न्यूनीकरण गरिने बताए । जिल्लास्थित होटल, किराना पसलहरुले खाद्य पदार्थ बिक्री वितरणको क्रममा अपनाउनु पर्ने नियमको अनुगमन, उपभोक्ताहरुको खाद्य सुरक्षासँग काम गरिने उनले बताए । प्रशासनसहित प्रशासनमातहतका कार्यालयले जनसरोकारका विषयमा प्राथमिकताका साथ काम गर्ने पाण्डेले विश्वास दिलाए ।

तोकिएको मापदण्ड भन्दा बढी ओभरलोड बोक्ने सवारीसाधनलाई सुरक्षा निकायले नियमनसँगै कार बाही गर्न तदारुकता देखाइने प्रजिअ पाण्डेले बताए । कार्यक्रममा मकवानपुरका सहायक प्रमुख जिल्ला अधिकारी बद्रीनाथ गैरे, सशस्त्र प्रहरी गढ हेटौंडाका प्रहरी उपरीक्षक नेत्रबहादुर कार्की, जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी उपरिक्षक सुरेन्द्रबहादुर गुरुङलगायतकाको आतिथ्यता थियो । पाण्डे २२ वर्षपछि मकवानपुरको प्रजिअ भएर आएका हुन् ।

# ट्याक्टर दुर्घटनामा एक जनाको मृत्यु, २१ जना घाइते



साझाकुरा संवाददाता

हेटौंडा, १९ असार/ ट्राफिक नियम विपरित जन्ती बोक्दा मकवानपुरको पूर्वी क्षेत्रस्थित बागमती गाउँपालिकामा एक ट्याक्टर दुर्घटनामा परेको छ ।

बागमती गाउँपालिका-७ अन्तर्गत् धरान-चतरा-हेटौंडा सडक खण्डमा जन्ती बोकेको ना ८ त ८०७३ नम्बरको ट्याक्टर दुर्घटना हुँदा एक जनाको घटनास्थलमै मृत्यु भएको हो ।

दुर्घटनमा परेर ६ जना गम्भिर र २१ जना घाइते भएका छन् । बागमती-७, पाथीभारा घर भएका करिब १६ वर्षीया सलिना राईको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ । ट्याक्टर अनियन्त्रित भई दुर्घटना भएको प्रहरीको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ । कानुनअनुसार ट्याक्टरले यात्रु बोक्न पाउँदैन् ।

बागमती गाउँपालिका-९ बेतिनीबाट ट्याक्टर सिन्धुलीतर्फ जन्ती बोकेर जाँदै गर्दा दुर्घटनामा परेको हो । तर, उक्त ट्याक्टरले नियम विपरित अधिक संख्यामा जन्ती बोकेर हिँडेको थियो ।

मृतक राईलाई उपचारको लागि हेटौंडा अस्पताल ल्याउँदा चिकित्सकले मृत घोषणा गरेको मकवानपुरका प्रहरी प्रवक्ता प्रहरी नायव उपरीक्षक टेकबहादुर कार्कीले जानकारी दिए । घाइतेहरुको हेटौंडा अस्पतालमा उपचार भइरहेको प्रहरीले जनाएको छ ।


## व्यक्तिगत घटना दर्ता गरौ

घटना घटेको ३५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा गई ।
**नि:शुल्क घटना दर्ता गरौं।**

**घटना दर्ता कसले गर्ने**
- जन्म तथा मृत्युको दर्ता परिवारको मुख्य व्यक्तिले
- विवाह तथा सम्बन्ध विच्छेद घटना पति पत्नी दुवैले
- बसाई सराईको घटना परिवार भए मुख्य व्यक्तिले र व्यक्ति भए बसाई सरी जने व्यक्तिले ।

**समाज र राष्ट्रलाई हुने फाइदा**
- राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्न मद्धत मिल्ने ।
- शिक्षा, स्वास्थ्य तथा खानेपानी सेवा उपलब्ध गराउन मद्धत मिल्ने ।
- खाद्यान्न कार्यक्रम संचालन गर्न सहयोग हुने ।
- आवासको व्यवस्था गर्न सहयोग हुने ।

**व्यक्तिलाई हुने फाइदा**
- घटना दर्ताको प्रमाणलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने ।
- आमा, बाबु, उमेर आदिको वैधानिक प्रमाण हुने ।
- स्कूलमा भर्ना हुनको लागि सजिलो पर्ने नागरिकाता प्रमाणपत्र लिन सहज हुने ।
- नाता कायम गर्न सहज हुने ।
- चल अचल सम्पत्ति नामसारी गर्न सजिलो हुने ।
- पति पत्नि बिच वैधानिक सम्बन्ध कायम हुने ।
- जीवन बिमा, पेन्सन, उत्पदान वा बैंकबाट रकम झिक्न सुविधा हुने ।
- विदेश जानको लागि भिसा प्राप्त गर्न सुविधा हुने आदी ।

**हेटौडा उपमहानगरपालिकाको कार्यालय**


# लागूऔषधसहित तीन जना पक्राउ



साझाकुरा संवाददाता

हेटौंडा, १९ असार/ प्रहरीले फरक-फरक स्थानबाट प्रतिबन्धित लागूऔषधसहित मकवानपुरका तीन जनालाई पक्राउ गरेको छ ।

पर्सा प्रहरीले हेटौंडाका दुई जनालाई लागूऔषधसहित पक्राउ गरेको छ । प्रहरीले हेटौंडा उपमहानगरपालिका-१९ बस्ने २५ वर्षीय उमेश बल र २२ वर्षीय राज कुमार सेङताङलाई पक्राउ गरेको हो ।

उनीहरु बसका चालक र सहचालक हुन् । उनीहरुलाई बीरगञ्ज महानगरपालिका-१४ गण्डक चोकबाट नियन्त्रित लागूऔषध ४ सय ४९ बोतल विनिसिरेक्स कफ सेरुपसहित पक्राउ गरिएको हो । ना ५ ख ३९९० नम्बरको बस जाँच गर्ने क्रममा बसका चालक उमेश र सहचालक राज कुमारलाई उक्त लागूऔषध सहित फेला पारिएको प्रहरीले जनाएको छ ।

यसैगरी, जिल्लाको राक्सिराङ गाउँपालिका-५ कुत्तासिङबाट करिब ३ किलो ५ सय ग्राम लागूऔषध गाँजासहित एक जनालाई प्रहरीले पक्राउ गरेको छ । पकाहामैनपुर गाउँपालिका-८ बस्ने ४८ वर्षीय मधु प्रसाद चौहानलाई प्रहरीले पक्राउ गरेको हो । ईलाका प्रहरी कार्यालय मनहरीबाट खटिएको प्रहरीले आइतबार बिहान चैनपुरबाट मनहरीतर्फ आउँदै पैदल आउँदै गर्दा चौहानलाई गाँजासहित नियन्त्रणमा लिएको थियो ।


## ६ चक्के/१० चक्के ट्रिपर, ट्रक, वस फाईनान्स सुविधासहित बिक्रीमा

सम्पर्क: ९८०२३११५४८/९८०२३११५७९

## पार्टी गर्दै हुनुहुन्छ ?

शुभ-विवाह, ब्रतबन्ध, हरेक प्रकारका पार्टी, सभा, सेमिनार तथा गोष्ठीका लागि हामीलाई सदैव सम्झनुहोस् ।

**जय गणेश पार्टी प्यालेस प्रा.लि.**

हेटौंडा उपमहानगरपालिका-५, अब्बलडाँडा
सानोपोखरा, मकवानपुर
९८५५०२७५१२ (अनिष वाग्ले)

## HETAUDA CITY HOSPITAL PVT.LTD.

*Hetauda-1, Sub-metropolitan*
***Phone: 057-520315***

**VACANCY ANNOUNCEMENT**

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Staff Nurse | Few | 14000-18000 | PCL/NHPC registered |
| 2 | CMA/ANM | Few | Negotiable | TSLC |
| 3 | Receptionist | Few | Negotiable | +2 completed |


Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.

बागमती प्रदेश सरकार
श्रम, रोजगार तथा यातायात मन्त्रालय
यातायात व्यवस्था कार्यालय, हेटौंडा

## यातायात व्यवस्था कार्यालय, हेटौंडाको सूचना

- करदाताले आफ्नो नाममा दर्ता भएको सवारी साधनको कर प्रत्येक आर्थिक वर्षको चैत्र मसान्त वा दर्ता नवीकरण गर्ने म्याद जुन अघि हुन्छ सो म्यादभित्र बुझाईसक्नु पर्नेछ ।
- समयमा कर तिरौं, जरिवानाबाट बचौं ।
- सवारी चालक अनुमतिपत्रको नयाँ Online Form खुलेकाले यस अघि Form भरेकाहरुको Form खारेज भएको हुँदा नयाँ Online Form भर्नु हुन अनुरोध छ साथै Form भर्दा आफ्नो शुद्ध र स्पष्ट विवरण भर्नु होला कुनै त्रुटी भएमा यस कार्यालयबाट सच्याउन नमिल्ने जानकारी गराइन्छ ।
- सवारी चालक अनुमतिपत्र नवीकरण गर्दा यस प्रदेशबाट जारी भएको हुनुपर्नेछ वा यस प्रदेशभित्र स्थायी बसोबास गरेको प्रमाण खुल्ने कागज पेश गर्नुपर्नेछ ।
- अन्यत्र कार्यालयबाट जारी भएको सवारी चालक अनुमतिपत्र नवीकरण गर्नको लागि सो को अभिलेख Online मा देखिएको हुनुपर्नेछ ।
- सवारी चालक अनुमतिपत्र तथा सवारी दर्ता प्रमाणपत्रको प्रतिलिपी सो जारी भएको कार्यालयबाट मात्र जारी हुने भएकाले दर्ता भएको कार्यालयमा नै जानुपर्नेछ ।
- नेपाल सरकारको निर्णयानुसार सवारी साधनमा इम्वोष्ड नम्बर प्लेट जडान गर्नु पर्ने भएकाले आफ्नो सवारी दर्ता रहेको कार्यालयमा सम्पर्क गरी जडान प्रकृया शुरु गर्नु हुन अनुरोध छ ।

"सक्षम निजामती प्रशासन: विकास, समृद्धि र सुशासन"
**फोन नं.: ०५७-५२६१४६,**
ई-मेल ठेगाना: (प्रशासन: admin.hetaudayatayat@bagamati.gov.np),
(सवारी: sawari.hetaudayatayat@bagamati.gov.np),
(लाइसेन्स: license.hetauddayatayat@bagannati.gov.np)





**गोर्खाली ट्रेड एण्ड सप्लायर्स**
हेटौंडा-४, रजतजयन्ती, ,फोन: ९८४१७७१६६४, ९८५५०३१६६४






साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना